# कागेश्वरी मनोहरा अनुसन्धान जर्नल

## अनुसन्धानकर्ता र लेख योगदानकर्ताहरूका लागि सामान्य दिशानिर्देशहरू

कागेश्वरी मनोहरा अनुसन्धान जर्नलको लागि लेख तयार गर्दा निम्न कुराहरूमा ध्यान दिनुहोला :

१) **क्षेत्र** : यो एक बहुविषयक जर्नल भएकाले, कुनै पनि विधाका मौलिक अनुसन्धानमा आधारित लेखहरू स्वीकार गरिनेछ । विशेष गरी कागेश्वरी मनोहरा नगरपालिकालाई अध्ययन क्षेत्र बनाई आर्थिक, सामाजिक र वातावरणीय अध्ययनका क्षेत्रमा गरिएका मौलिक लेखहरूलाई प्राथमिकता दिइने छ ।

२) **मौलिकता** : पेस गरिएका लेखहरू मौलिक हुनुपर्दछ, कतै प्रकाशित भइसकेका वा अन्यत्र प्रकाशनका लागि पठाइएका हुनु हुँदैन । लेखकले प्राज्ञिक निष्ठा पालना गरिएको हुनुपर्ने छ, उचित उद्धरण दिइएको हुनुपर्ने छ र साहित्यिक चोरी (Plagiarism) बाट बच्नुपर्ने छ ।

३) **भाषा र शब्दसीमा** : लेख अङ्ग्रेजी वा नेपाली भाषामा लेखिएको हुनुपर्ने छ । लेखको लम्बाइ (सन्दर्भ सूचीबाहेक) ४,००० देखि ५,००० शब्दको हुनुपर्दछ ।

४) **लेखसार र शब्दकुञ्जी** : अधिकतम १५० शब्दसम्मको लेखसार (Abstract) र ३ देखि ५ वटा शब्दकुञ्जी (Keywords) राख्नु अनिवार्य हुने छ ।

५) **ढाँचा** : लेखमा शीर्षक, लेखसार, शब्दकुञ्जी, विषयपरिचय, पूर्वकार्यको समीक्षा, अध्ययनको विधि, नतिजा र विमर्श, र निष्कर्षका साथै सन्दर्भसूची हुनुपर्ने छ । उद्धरण र सन्दर्भका लागि एपिए (APA 7th Edition) शैली अवलम्बन गर्नुपर्ने छ ।

६) **पेस गर्ने प्रक्रिया** : लेखहरू डिजिटल ढाँचा (Ms Word) मा तोकिएको म्याद (२३ वैशाख २०८३) भित्र सम्पादक मण्डललाई बुझाउनुपर्ने छ ।

७) **लेखकको विवरण** : लेखकले आफ्नो पूरा नाम, शैक्षिक र पेसागत इतिहास, संस्थागत आवद्धता, प्रकाशनहरू, इमेल र सम्पर्क नम्बरसहितको संक्षिप्त परिचय पेस गर्नुपर्ने छ ।

८) **विज्ञसमीक्षा र निर्णय प्रक्रिया** : सबै लेखहरू दोहोरो अपरिचितन समीक्षा (Doube blind peer-review) प्रक्रियावाट विज्ञसमीक्षा गरिने छ । लेखकहरूले समीक्षक र सम्पादक मण्डलका सुझाव र टिप्पणीहरू पालना गर्नुपर्ने छ । लेखलाई स्वीकार गर्ने, अस्वीकार गर्ने वा परिमार्जन गर्न लगाउने अन्तिम अधिकार सम्पादक मण्डलमा निहित रहने छ ।

९) **नैतिकता र जिम्मेवारी** : लेखमा व्यक्त गरिएका जानकारी, राय र तर्कहरू लेखकका आफ्नै हुनुपर्ने छ र यसले सम्पादक मण्डल वा नगरपालिकाको विचार प्रतिनिधित्व गर्ने छैन । प्रकाशनबाट उत्पन्न हुने कुनै पनि कानुनी वा नैतिक विवादका लागि लेखक स्वयं जिम्मेवार हुनेछन् । आवश्यक परेमा लेखकले नैतिक स्वीकृति (Ethical approval) पनि प्राप्त गरेको हुनुपर्ने छ ।